# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गौरादह नगरपालिका

झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गौरादह नगरपालिका

झापा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## गौरादह नगरपालिका

झापा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित

नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपरछलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ४१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
गौरादह नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
झापा ।

**कैफियतसहितको राय**

हामीले गौरादह नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितकोराय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ५४ लाख ६९ हजार बेरुजु देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बेरुजु बाँकी रहेकोमा असुल गर्नुपर्ने रू. ७ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड १३ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २४ लाख ६१ हजार र पेश्की रू. ९ लाख ५० हजार रहेको छ ।पालिकाको गतवर्षसम्म रु १७ करोड ४३ लाख ६६ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु २१ करोड २० लाख ८५ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका

व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

गौरादह नगरपालिका झापा

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३६ | ४६ | ४५४६९ | ० | ० | ० | ३६ | ४६ | ४५४६९ | ७२५ | १२४६१ | ३१३३३ | ० | ० | ४३७९४ | ९५० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिकृया प्राप्त नभएको | |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गौरादह नगरपालिका झापा | १७४३६६ | ० | ७७५० | १६६६१६ | ० | ४५४६९ | २१२०८५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : गौरादह नगरपालिका, झापा , गौरादह नगरपालिका , झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजेन्द्र भट्टराई | २०७७-६-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गणेश भट्टराई | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४५,४६९,७३७.०१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,८७,३८,७०५.२१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४,६०,५०,३९९ | **चालु खर्च** | ३७,०७,९६,३१५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,९०,२४,००० | **पूंजीगत खर्च** | २९,६२,९५,९३२.१९ |
| **राजश्व बाँडफाँट** | ११,३४,१६,९६४.६२ | **वित्तीय/अन्य व्यवस्था** | ३०,४५,८७,८६८.२२ |
| **आन्तरिक आय** | २,१२,९४,९०५ | | |
| **अन्य आय** | २९,३१,०७,८३७.१७ | | |
| **कुल आय** | १,००,२८,९४,१०५.७९ | **कुल खर्च** | ९७,१६,८०,११५.४१ |
| **बाँकी मौज्दात** | | १०,९९,५२,६९५.५९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गौरादह नगरपालिकाको उद्देश्य रहेको छ । गौरादह नगरपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १४९.८६ वर्ग किलोमिटर क्षेत्रफल तथा ६३ हजार जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ३ | | | **प्राप्ति तथा भुक्तानी हिसाब** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गौरादह नगरपालिका झापाले प्राप्त गरेकोआय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७८।७९मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७५,८७,३७,७३७.०० | ७०,२२,६३,४४३.९४ | | ७०,२२,६३,४४३.९४ | ६८,३८,११,१८२.३३ | | ६८,३८,११,१८२.३३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७५,२२,६९,९७९.०० | ६९,२९,६८,८७८.८० | ० | ६९,२९,६८,८७८.८० | ६७,९३,०१,५८२.३३ | ० | ६७,९३,०१,५८२.३३ |
| ११००० कर | ११ | १५,७७,३०,८१०.०० | १५,९४,७८,६२७.२६ | ० | १५,९४,७८,६२७.२६ | १३,७७,१६,५३७.४८ | ० | १३,७७,१६,५३७.४८ |
| १३००० अनुदान | | ५७,५९,३४,०००.०० | ५२,२५,४४,५६९.६० | ० | ५२,२५,४४,५६९.६० | ५२,३७,१६,०९७.६० | ० | ५२,३७,१६,०९७.६० |
| संघीय सरकार | १२ | ५४,०७,००,०००.०० | ४९,८२,६१,५७३.७० | ० | ४९,८२,६१,५७३.७० | ५०,५०,३५,८६६.६० | ० | ५०,५०,३५,८६६.६० |
| प्रदेश सरकार | १२ | २,९०,०४,०००.०० | २,४२,८२,९९५.९० | ० | २,४२,८२,९९५.९० | १,७७,१७,०००.०० | ० | १,७७,१७,०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्तरिक श्रोत | | ६२,३०,०००.०० | ० | ० | ० | ९,६३,२३१.०० | ० | ९,६३,२३१.०० |
| १४००० अन्य राजस्व | | १,८६,०५,१६९.०० | १,०९,४५,६८१.९४ | ० | १,०९,४५,६८१.९४ | ९४,७९,४६०.२५ | ० | ९४,७९,४६०.२५ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ८३,८९,४८७.०० | ० | ८३,८९,४८७.०० |
| ३३००० दायित्व | | ० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ६४,६७,७५८.०० | ९२,९४,५६५.१४ | | ९२,९४,५६५.१४ | ४५,०९,६००.०० | | ४५,०९,६००.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ६४,६७,७५८.०० | ० | ० | ० | ४५,०९,६००.०० | ० | ४५,०९,६००.०० |
| धरौटी | | ० | ९२,९४,५६५.१४ | ० | ९२,९४,५६५.१४ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८१,७३,६९,०६२.०० | ६७,४१,१५,३०३.७२ | | ६७,४१,१५,३०३.७२ | ८०,४३,०७,५४२.९० | | ८०,४३,०७,५४२.९० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८१,०९,०१,३०४.०० | ६६,७०,९२,२४७.१२ | | ६६,७०,९२,२४७.१२ | ७९,५४,५१,५२८.९० | | ७९,५४,५१,५२८.९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १९,५८,०६,०००.०० | १८,७२,१५,३७५.२८ | ० | १८,७२,१५,३७५.२८ | २३,११,३३,१०१.१३ | ० | २३,११,३३,१०१.१३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०,७९,७०,८४५.०० | ६,९४,६८,४७०.३० | ० | ६,९४,६८,४७०.३० | ६,८६,०३,७३०.१० | ० | ६,८६,०३,७३०.१० |
| २५००० सहायता (Subsidy) | १८ | ११,१२,७५,०००.०० | ९,७६,२५,३४६.३५ | ० | ९,७६,२५,३४६.३५ | १,३१,२१,०७२.०० | ० | १,३१,२१,०७२.०० |
| २६००० अनुदान | १८ | ३४,३०,०००.०० | १६,०३,००४.०० | ० | १६,०३,००४.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,६३,५८,०००.०० | १,१०,२६,२४७.०० | ० | १,१०,२६,२४७.०० | १,०२,१३,८७०.०० | ० | १,०२,१३,८७०.०० |
| २८००० अन्य खर्च | १८ | ५३,२५,१३०.०० | ३८,५७,८७२.०० | ० | ३८,५७,८७२.०० | ७,६८,२४,८५९.९८ | ० | ७,६८,२४,८५९.९८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३६,०७,३६,३२९.०० | २९,६२,९५,९३२.१९ | ० | २९,६२,९५,९३२.१९ | ३९,५५,५४,८९५.६९ | ० | ३९,५५,५४,८९५.६९ |
| घ. अन्य भूक्तानी | | ६४,६७,७५८.०० | ७०,२३,०५६.६० | | ७०,२३,०५६.६० | ८०,४३,०७,५४२.९० | | ८०,४३,०७,५४२.९० |
| कोषहरु | | ६४,६७,७५८.०० | २४,३८,२७६.०० | ० | २४,३८,२७६.०० | ८८,५६,०१४.०० | ० | ८८,५६,०१४.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | ४६,०६,८७९.०० | ० | ४६,०६,८७९.०० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२२,०९८.४० | | -२२,०९८.४० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (५,८६,३१,३२५.००) | २,८१,४८,१४०.२२ | | २,८१,४८,१४०.२२ | (१२,०४,९६,३६०.५७) | | (१२,०४,९६,३६०.५७) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,१७,३९,६८९.७९ | | ७,१७,३९,६८९.७९ | १८,००,३३,३६१.३२ | | १८,००,३३,३६१.३२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (५,८६,३१,३२५.००) | ९,९८,८७,८३०.०१ | | ९,९८,८७,८३०.०१ | ५,९५,३७,०००.७५ | | ५,९५,३७,०००.७५ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ९,९८,८७,८३०.०१ | | ९,९८,८७,८३०.०१ | ५,८८,१५,४७१.७६ | | ५,८८,१५,४७१.७६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण बिश्लेषण** | |
| ४.१ | | | **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ४.२ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर सामाजिक सुरक्षा तथा संरक्षणको रु. २४०९३८९६५ गरीबसंग बिश्वेश्वर कार्यक्रमको रु. ४६४००० गरी रु.२४१४०२९६५ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ । | |
| ४.३ | | | **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु १०४९५९८३.१२ यस वर्षको प्राप्ति रु. २९७१३३६९४.१५यस वर्षको भुक्तानी रु २९७५६४८११.६९र बैङ्क मौज्दात रु १००६४८६५.५८फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ती | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात | |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) | ७,१७,३९,६८९.७९ | ७०२२६३४४३।९४ | ६७४११५३०३।७२ | ९९८८७८३०।०१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>८२२३५६७२।९१</td><td>९९९३९७१३८।०९</td><td>९७१६८०११५।४१</td><td>१०९९५२६९५।५९</td><td></td></tr>
<tr><td>फरक</td><td>१०४९५९८३.१२</td><td>२९७१३३६९४.१५</td><td>२९७५६४८११.६९</td><td>१००६४८६५.५८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.४</td><td></td><td></td><td>कर दायित्व – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको देहायबमोजिम कर दायित्व रु.२०९८ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>विवरण</td><td>मौज्दात रहेको रकम</td></tr>
<tr><td>पारिश्रमिक कर, बहाल कर,सामाजिक सुरक्षा कर</td><td>२०९८।४०</td></tr>
<tr><td>जम्मा</td><td>२०९८।४०</td></tr>
</table>
</td><td>२,०९८.४</td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>बैक हिसाब मिलान- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टि गर्ने बैक हिसाब मिलान विवरण (म.ले.प.फा.न. २१२ ) फरक देखिएन । पालिकाको देहाय बमोजम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु.९९८८७८३० देखिएकोमा सो अवधिमा बैक अनुसार ११३४८०९१४ बैक मौज्दात देखिएकोले बढी देखिएको मौज्दात रु १३५९३०८४ एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिएको छ ।
<table>
<tr><td>खाताको नाम</td><td>श्रेस्ता अनुसारबाँकी</td><td>बैंक स्टेटमेण्टअनुसार बाँकी</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>६२४०१४।९०</td></tr>
<tr><td>पूँजिगत खर्च खाता</td><td>०</td><td>५१६६८८७।८४</td></tr>
<tr><td>स्थानीय तह धरौटी खाता</td><td>७५९४५६५।१४</td><td>२१९६९८३८।५५</td></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>८८२६३७८२।९७</td><td>८२१९०४९५।९९</td></tr>
<tr><td>विविध कोष खाता</td><td>२४३८९५५</td><td>२४३८९५५</td></tr>
<tr><td>विभाज्यकोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>आकस्मिक कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>१५९०५२७</td><td>१७१४७३६।७०</td></tr>
<tr><td>राजश्व बाँडफाँड खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>आन्तरिक राजश्व खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>अनुदान खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>९९८८७८३०</td><td>११३४८०९१४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.१</td><td></td><td></td><td>समानीकरण अनुदान रकमको उपयोग- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ । आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय बमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।
<table>
<tr><td>खर्च शीर्षक</td><td>खर्च रकम</td></tr>
<tr><td>कर्मचारी पारिश्रमिक</td><td>२९२६०००</td></tr>
<tr><td>कर्मचारी प्रोत्साहन पुरस्कार</td><td>५८८००</td></tr>
<tr><td>अन्य भत्ता</td><td>९०००००</td></tr>
<tr><td>सञ्चार महशुल</td><td>३४५००</td></tr>
<tr><td>सम्पतिको मर्मत सम्भार खर्च</td><td>१०००००</td></tr>
<tr><td>मसलन्द तथा कार्यलय सामग्री खर्च</td><td>२०००००</td></tr>
<tr><td>भ्रमण खर्च</td><td>४९९९६</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>प्रशासनिक खर्च- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानLय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी राजश्व बाँडफाँड रकमबाट बजेट विनियोजन गर्नुपर्नेगरी मार्गदर्शन तय गरेको छ । पालिकाले आफ्नो आन्तरिक आय रु.२१९९३५०९ र राजश्व बाँडफाँडबाट रु.१४८४३१७९९ गरी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.१७०४२५३०८ प्राप्त गरेको देखिएकोमा पालिकाको प्रशासनिक खर्च वापत रु.१०५२१०३९१ (६१.७३ प्रतिशत) भएको देखिएको छ । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन बमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट मितव्यीतापुर्वक गरिनुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | **वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरी आषाढ १० भित्र सभामा पेश गरी सोही महिनाको अन्त्यसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ. व २०७८।७९ को वार्षिक कार्यक्रम तथा बजेट मिति २०७८। ३।१० मा रु.७१ करोड ७९ लाख ५५ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७८।३।२६ मा पारित भएको देखिएको छ। यसैगरी प्रमुखले मिति २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६.२ | | | **योजना तथा बजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्:-<br><br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।<br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगतवजेट रु.३६ करोड. ७ लाख ३६ हजार भएकोमा प्रथम चौमासिकमा रु १ करोड २४ लाख २० हजार, दोश्रो चौमासिकमा रु. ७ करोड ९२ लाख ५८ हजार, तेस्रो चौमासिकमा रु.२० करोड ४६ लाख १७ हजार र असार महिनामा मात्रै रु.१० करोड. ८८ लाख ५८ हजार भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.२१ करोड ११ लाख ११ हजारको खरिद कार्य गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा ३ अनुसार तोकीएको सिमा भन्दा भन्दा बढी बजेट थपघट नगरसभाको निर्णयबाट रु. ३ करोड ९८ लाख ८५ हजार रकमान्तर गरेको छ। उक्त रकम बजेटको उल्लेखित वजेटको रु ४१ करोड २२ लाख २१ हजार को तुलनामा ९।६७ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br><br>उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थः पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउनेतर्फ ध्यान पर्दछ । | |
| ६.३ | | | **अबण्डा बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.५२ लाख अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।<br><br>बजेट शिर्षक — विनियोजन रकम<br>भैपरी आउने पूँजिगत — ४७०००००<br>भैपरी आउने पूँजिगत — ५००००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>५२०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>
योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो वातावरणीय संरक्षण र भाषिक तथा सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार कुल कार्यक्रम तथा योजना मध्ये ३५० योजनाको निर्माण कार्यमा देहाय बमोजिम बजेट खर्च गरेको छ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>५ लाख भन्दा कमका योजना</td><td>२६४</td><td>५९७०२४५५।६२</td></tr>
<tr><td>३</td><td>५ लाख देखि २० लाख सम्मका योजना</td><td>७१</td><td>५९८५१७८८।३८</td></tr>
<tr><td>४</td><td>२० लाख माथिका योजना</td><td>१५</td><td>९१५५६४८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५०</td><td>२१११०७२७</td></tr>
</table>
उल्लेखित योजनाका कार्यहरु गराउदा लाभग्राही समुदायबाट रु.१०५३१४४८० र सिधै तथा बोलपत्रविधिबाट रु.१०५७९६२४८ गरी जम्मा रु.२१११०७२७ खर्च भएको छ । साथै पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पुजिगत तर्फका पारित गरेका योजना मध्ये २९२ कार्यक्रम तथा योजना
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यान्वयनमा गई ५० योजना तथा कार्यक्रम कार्यान्वयनमा गएका छैनन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| ६.५ | | | **भुक्तानी दिन बाँकी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको विवरण बेगर पालिका ले गतवर्षको दायित्व अन्तर्गत रू.५ करोड ६६ लाख ४८ हजार खर्च गरेको छ । चालु वर्षको कार्यक्रमलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने र पछिल्ला वर्ष भुक्तानी गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।<br>त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, महङ्गी र स्थानीय भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, खाद्यान्न, औषधी उपचार , बिरामी र बन्दीको सिदा.सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । पालिकाले योजना सम्पन्न हुन नसेकका योजना ,मर्मत र निर्माण कार्यमा कूल रु ५ करोड ५० लाख अर्को वर्ष दायित्व सारेको देखियो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ७ | | | **आन्तरिक स्रोत परिचालन** | |
| ७.१ | | | **राजस्व परिचालन** - पालिकाले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष आन्तरिक आयबाट रू. १७ करोड ६३ लाख ३६ हजार प्राप्त गर्ने अनुमान गरेकोमा रू. १७ करोड ४ लाख २४ हजार (९६.६४ प्रतिशत) प्राप्त गरेको छ । गत वर्षको मौज्दात रू. ६ करोड २३ लाख ६५ हजार राजस्व बाँडफाँडबाट रू. १४ करोड ८४ लाख ३२ हजार र आन्तरिक श्रोतबाट रू.२ करोड १९ लाख ९२ हजार प्राप्त भएको छ । नेपाल सरकारको अनुदानस मेतको कुल प्राप्ति रू. ७४ करोड ५४ लाख ७९ हजार मध्ये पालिकाको यस वर्षको आन्तरिक स्रोतको आय २.९५ प्रतिशत मात्र देखिएको छ । राजस्व तथा शुल्कको दायरा विस्तार एवं पुनरावलोकन गरी आन्तरिक स्रोत परिचालनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७.२ | | | **करदाताको अभिलेख-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, भवन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क लगायत उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ । | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ८.१ | | | **कर्मचारी व्यवस्थापन -** पालिकाको कार्य सञ्चालनभित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्ने विषयगत क्षेत्र तोकिएको छ । सो कार्य सम्पादन गर्न पालिकाले कुल २२३ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २०७९।०३।३१ सम्म ६७ कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भएकोले, १८ जना दरबन्दि स्थायी पदपूर्ति भई १३८ पद रिक्त रहेको छ । उक्त रिक्त पदमा पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम मा मिति २०७८।१२।१३ मा विभिन्न २९ पदमा पदपूर्ति का लागि पठाएको पदपूर्ति प्रकृयामा रहेको छ । | |
| ८.२ | | | **तलबी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु. २२३३८०७७ र पालिकाका चालुतर्फ रु. २९५९८०७३ गरी रु. ५१९३६१५० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| ८.३ | | | **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न ४० जना कर्मचारी विगतदेखि करारमा | २,५७०,६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राखी करार सेवा शुल्कमा रू.२० लाख ५० हजार ६८३ स्वास्थ्यका कर्मचारी समेत खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यो वर्ष पालिकाले करारमा राख्न नपाउने ७ पदमा करारमा नियुक्ति भएका कर्मचारीलाइ रू. २५७०६०० पारिश्रमिक भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु . | |
| ८.४ | | | **खाजा खर्च -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराएर मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले उल्लेखित कानून निर्माण नभइ यो वर्ष रु.१३२०००० खाजा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले यस्तो खर्च कानूनद्वारा व्यवस्थित गर्नुपर्ने देखिएकोले अनियमित देखिएको रु. | १,३२०,००० |
| ९ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| ९.१ | | | **सम्पत्ति तथा जग्गा-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस पालिकामा रहेका सम्पत्तिहरूमध्ये केहि सम्पतिको विवरण देहाय अनुसार छ । | |

| मुख्य सम्पति तथा मालसामानको नाम | जग्गाको क्षेत्रफल | भवन तथा सवारीकोपरिमाण | मूल्य रकम | प्रयोग/कैफियत |
|---|---|---|---|---|
| घर जग्गा | ८११५७।५८७ वर्गमिटर | | मूल्य नखुलेको | भवन नखुलेको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कार/ जिप/भ्यान</td><td></td><td>३</td><td>९७०००००</td><td>१ वटा नखुलेको</td></tr>
<tr><td>मोटरसाईकल/ स्कुटर</td><td></td><td>२४</td><td>७०१०९५१।५१</td><td>६ वटाको मल्य नखुलेको</td></tr>
</table>
• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षणबाट लिलाम मर्मत गर्नुपर्ने सामान खुलाई जिन्सी निरीक्षण गरेको देखिएन ।
</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>सार्वजनिक जग्गा - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने, जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ मा सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता गरी अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । पालिकाले मालपोत कार्यालयबाट सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिइ सार्वजनिक संरचनाको समेतको त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखी तथा अनुगमन गरेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख प्राप्त गरी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धमा एकिन हुन सकेन । कानून बमोजिम सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख प्राप्त गरी सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरिनुपर्दछ । | |
| १० | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १०.१ | | | **कानून निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिएको र स्थानीय तहको लागि ४० भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ । पालिकाले हालसम्म १५ ऐन, १ नियमावली, १६ कार्यविधि , २ निर्देशिका आदि निर्माण गरी कार्यान्वयनमा आएको छ । सेवा प्रवाहको लागि आवश्यक पर्ने कानून र राजस्व सङ्कलन तथा खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न अति आवश्यक कानुन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बनाएको देखिएन । आवश्यकता अनुसार कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउन सकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई नगरपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ । | |
| १०.२ | | | **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको गतवर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५७ र यो वर्ष दर्ता भएको ६६ गरी १४१ विवाद दर्ता भएकोमा ५६ फछ्र्यौट भई ८५ फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः-<br><br>• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• सरोकारवाला सहितको सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको देखिएन ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आन्तरिक लेखापरीक्षण भएको पाइएन ।<br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।<br>• पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMS अद्यावधिक गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • पालिकाले आफ्नो कारोबारको आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा गराएको छैन ।<br><br>तसर्थः पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १२ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १२.१ | | | **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्च गर्दा मितव्ययीता अवलम्बन गर्नुपर्नेमा पालिकाले रू.२४ लाख ८९ हजार खर्च गरेका छन् । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १२.२ | | | **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्नसंघसंस्था र व्यक्तिहरुलाई रु.११ लाख ७५ हजार आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १३ | | | **शैक्षिक ब्यबस्थापन** | |
| १३.१ | | | **अनुगमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखामान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक कारोबारको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ । | |
| १३.२ | | | **निजी विद्यालय व्यवस्थापन-** पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको गरी सो को आधारमा अनुगमन गर्नुपर्दछ । पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण नगरेकोले निजी विद्यालयहरूको व्यवस्थापन तथा शुल्क निर्धारण स्थितीको मूल्याङ्कन गरिने अवस्था देखिएन । पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड स्वीकृत गरी अनुगमन गर्नुपर्दछ । | |
| १३.३ | | | **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०७८।७९ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ । | |
| १३.४ | | | **बिद्यालयगत अभिलेख-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारित तलब भत्ता, पोशाक खर्च, चाडपर्व खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको आधारभूत र माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहत कोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरबन्दी तथा पदपूर्ति देहाय बमोजिम रहेको र सोही बमोजिम अनुदान निकासा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियम बमोजिम विद्यालय मर्ज र शिक्षक दरबन्दी मिलान गरी शिक्षक तथा कर्मचारी दरबन्दी र विद्यालयगत निकासाको अभिलेख राखिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयको संख्या: ३२; शिक्षक दरबन्दी: ३०२; पदपूर्ति: ३०२; कार्यरतमध्ये अस्थायी/करार: २५; विद्यार्थी संख्या: ९६१८ | |
| १४ | | | **पेश्की व्यवस्थापन**<br><br>**पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ५०(३)मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त दिईने पेश्की बाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फछ्र्यौट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ। पालिकाको निम्नानुसार चालु आर्थिक वर्षको अन्तसम्ममा फस्छौट हुन नसकेको पेश्की फस्यौट गर्नुपर्ने रु. | ५५०,००० |
| १५ | | | **धरौटी र कोष** | |

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | कार्यरतमध्ये अस्थायी/करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| ३२ | ३०२ | ३०२ | २५ | ९६१८ |

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | विवरण | म्याद ननाघेको पेश्की | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| २०७८।११।२२ | मोति माध्यमिक विधालय | मोति मावि मनोविज्ञान कार्यक्रम संचालन | | ४००००० |
| २०७९।१।२३ | अर्जुन भाइ दाहाल | बीमा तथा नवीकरण खर्च | | १५०००० |
| | जम्मा | | | ५५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>रिटेन्सन मनि फिर्ता- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले कार्य सम्पन्न गरेपछी कट्टा गरेको रिटेन्सन मनि सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिम रिटेन्सन मनि वापत कट्टा भएको रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात र कार्यसम्पन्न प्रतिवेदन नलिई विगत वर्षको कर चुक्ता पत्रको आधारमा फिर्ता दिएकोले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>आपूर्तिकर्ता</th><th>रिटेन्सन मनि</th><th>कैफियत</th></tr>
<tr><td>२२।२०७९।१।२५</td><td>सेवालुङ निर्माण सेवा</td><td>१७६०३७२</td><td></td></tr>
<tr><td>१५।२०७८।१२।२</td><td>बोहोरा एण्ड ब्रदर्श</td><td>२०८२५०</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>१९६८६२२</td><td></td></tr>
</table></td><td>१,९६८,६२२</td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>धरौटी रकम राजश्वमा आम्दानी बाँध्नुपर्ने- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ६८ मा धरौटी रकम जफत वा कट्टा भएको, अवधि भित्र धरौटी रकम फिर्ता लिन नआएको, बैक खातामा जम्मा भएको तर कार्यालयको धरौटी खातामा लेखाङकन नभएको, कसले के बापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैक खातामा रहेको वा कोष तथा लेखा नियन्त्रक कार्यलयको नाममा रहेको धरौटी खातामा सम्बन्धित कार्यलयको नाममा बैक विवरणमा बढी देखिएको अवस्थामा कार्यालयले धरौटी रकम राजश्व खातामा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय प्रकृतिका धरौटी रकम राजश्वमा आम्दानी नबाँधि धरौटी खाताम नै रहेको देखिएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम बैकमा बढी देखिएको धरौटी रकम राजश्व खातामा आम्दानी बाँध्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>धरौटी खातामा मौज्दात देखिएको रकम</th><th>क खातामा जम्मा भएको तर कार्यलयको धरौटी खातामा लेखाङकन नभएको रकम</th></tr>
</table></td><td>८,८०४,६९८.६१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>लेखापरीक्षणको अवधिसम्म</td><td></td></tr><tr><td>बैकमा बढी देखिएको धरौटी रकम</td><td>१३१६५१३९।९४</td><td>२१९६९८३८।५५</td></tr></table> | |
| १६ | | | **निर्माण कार्यको अभिलेखः**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अबधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) बमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रानधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन । यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| १७ | | | **लागत अनुमानमा डण्डीको खपत**<br><br>नेपाल सरकारद्वारा स्वीकृत भवनको नर्म्समा डण्डीको कामको दर विश्लेषणमा ५ प्रतिशत वेस्टेज राखी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यलयले देहाय बमोजिम १५ प्रतिशत सम्म डण्डी वेस्टेज राखी लागत अनुमान तयार गरी बोलपत्रबाट कार्य | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गराएको छ । स्विकृत नर्मस भन्दा बढी ड्ण्डी राखी निर्माण कार्य गरेकोले डण्डी खपतको वार बेण्डीङ सेडुअल समेत तयार नगरी नापजाँच गरी भुक्तानी दिएको देखियोलेबढी भुक्तानी हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>ठेक्कानं</th><th>कार्य</th><th>लागत अनुमान</th><th>लागतअनुमानमा वेस्टेज प्रतिशत</th></tr>
<tr><td>४।२०७६।७७</td><td>प्रगति मा बि निर्माण</td><td>४६०८९५९८</td><td>१।१५</td></tr>
<tr><td>५।२०७६।७७</td><td>स्वास्थ्य सेवा केन्द्र निर्माण</td><td>४६३८२४५</td><td>१।१५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>पेश्की खर्च<br><br>ठेक्का सम्झौता बमोजिम पेश्की दिइदा पेश्की जनाइ खर्च लेख्नुपर्नेमा पालिकाले गोभौ नं ५४४।२०७९।३।१७ वाट सडक कालोपत्रे कार्यको लागी सम्झौता बमोजिम पुर्वेलि निर्माण सेवालाई पेश्की दिईदा पेश्की जनाई बजेट खर्च लेख्नुपर्नेमा पेश्की नजनाएकोले पेश्की कायम गर्नुपर्ने रु</td><td>३९९,९६८</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २,४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका तथा नमुना</td><td>१४,४००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालय भौतिक पुर्वाधारका लागि देहायका विद्यालयलाई रु.१ करोड ४४ लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु. | |

| गो भौ नं मिति | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३२।२०७९।२।२३ | स्कुलचौन विद्यालय गौरादह | ४ कोठे | १०८०००० |
| | अमर माध्यमिक विद्यालय | ४ कोठे | १०८०००० |
| | सुर्योदय आधारभुत माध्यमिक विद्यालय | ४ कोठे | १०८०००० |
| | अमर माध्यामिक विद्यालय | ४ कोठे | १०८०००० |
| ५७।२०७९।३।२२ | स्कुलचौन विद्यालय गौरादह | ४ कोठे | २५२०००० |
| | अमर माध्यमिक विद्यालय | ४ कोठे | २५२०००० |
| | सुर्योदय आधारभुत माध्यमिक विद्यालय | ४ कोठे | २५२०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>अमर माध्यामिक विद्यालय</td><td>४ कोठे</td><td>२५२००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४४०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
समानीकरण अनुदानबाट शिक्षकको तलबभत्ता<br><br>
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक, कर्मचारी, बालविकास सहजकर्ताको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका विद्यालयका कर्मचारी तथा बालविकास सहजकर्तालाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट देहाय बमोजिम रु.२९२६००० तलब भत्ता भुक्तानी गरेको छ । उल्लेखित ऐन तथा मार्गदर्शन विपरीत शिक्षक, कर्मचारी, बालविकास सहजकर्तालाई वित्तीय समानीकरण अनुदानबाट भुक्तानी दिन मिल्ने नदेखिएकोले नियमसम्मत नदेखिएको रु.
<table>
<tr><td>गो.भौ.नं. र मिति</td><td>विवरण</td><td>भुक्तानी रकम रु.</td></tr>
<tr><td>१५८/०७८/८/१३</td><td>विद्यालयका शिक्षक तथा कर्मचारी तलबभत्ता</td><td>२९२६०००</td></tr>
</table>
</td><td>२,९२६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**आईसिटी ल्याव अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं. २.७.१३.१३ व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागि रु.६५००००।- र दरले निकासा भएको देखिन्छ । विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु

<table>
<tr><th>गो.भौ.नं</th><th>विद्यालयको नाम</th><th>आई सि टी रकम</th></tr>
<tr><td>३२।२०७९।२।२३</td><td>प्रगति माध्यमिक विद्यालय</td><td>३५००००</td></tr>
<tr><td></td><td>भद्रकालि माध्यामिक विद्यालय</td><td>३५००००</td></tr>
<tr><td>५७।२०७९।३।२२</td><td>भद्रकालि माध्यामिक विद्यालय</td><td>३०००००</td></tr>
<tr><td></td><td>प्रगति माध्यामिक विद्यालय</td><td>३०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३०००००</td></tr>
</table>

</td><td>१,३००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **प्रोत्साहन तथा शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा नमुना विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्रअ र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान निकासा गर्न नतिजामा आधारित कार्यसम्पादन करार गरी विद्यालय व्यवस्थापन समितिबाट सम्झौता बमोजिमको कार्य भएको सिफारिस प्राप्त हुनुपर्ने तथा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान निकासा गर्न भौतिक कार्यप्रगति यस आ.व. मा संचालन गर्ने कार्यक्रम निर्धारण गरी पालिका र विद्यालय विच भएको सम्झौता पेश हुनुपर्ने साथै सो सम्बन्धी निकासा भएको रकमबाट सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. २११।०७९।३।२४ मा श्री प्रगति माध्यामिक विद्यालयलाई नमुना विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्रअ र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान रु.२००००० र नमुना विद्यालयको शैक्षिक सुदृढिकरण तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान रु.३०००००० गरी जम्मा रु.३२००००० निकासा गर्दा कार्यविधिले तोकेका नतिजामा आधारित कार्यसम्पादन करार गरी विद्यालय व्यवस्थापन समितिबाट सम्झौता बमोजिमको कार्य भएको सिफारिस र भौतिक कार्यप्रगति यस आ.व. मा संचालन गर्ने कार्यक्रम निर्धारण गरी गाउपालिका र विद्यालय विच भएको सम्झौता पेश भएन तथा निकासा भएको रकमबाट सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश भएन । नतिजामा आधारित कार्यसम्पादन करार गरी विद्यालय व्यवस्थापन समितिबाट सम्झौता बमोजिमको कार्य भएको सिफारिस भौतिक कार्यप्रगति यस आ.व. मा संचालन गर्ने कार्यक्रम निर्धारण गरी पालिका र विद्यालय विच भएको सम्झौता र निकासा भएको रकमबाट सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु. | ३,२००,००० |
| २३ | | | **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयलाई निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन गरेन गरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पनि एक प्रति पठाउनुपर्ने व्यवस्था छ । गो.भौ.नं. १०१ र २५२।०७९।३।१८ मा देहायका विद्यालयहरुलाई देहायको अनुदान निकासा | १,३००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुगमन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क.सं</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>४</td><td>अमर मावि</td><td>पुस्तकालय स्थापना तथा व्यवस्थापन</td><td>६५००००</td></tr>
<tr><td>६</td><td>जनता मावि</td><td>आइसिटि ल्याव</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>बढी निकासा<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकामा गैरआवासीय छात्रवृत्ति आई ई एम आई एस मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई निकासा गर्नुपर्ने व्यवस्था छ । अमर मावि गौरादह २ पालिकाले आई ई एम आई एस मा प्रविष्टि भएको छात्रवृत्ति पाउने विद्यार्थि संख्या २२३ रहेकोमा २३० विद्यार्थिका लागि ४०० का दरले छात्रवृत्ति निकासा गरेकोले ७ जनाको २८००।०० बढी निकासा भएको पाइयो । बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.</td><td>२,८००</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>दोहोरो अनुदान<br><br>सशर्त कार्यक्रमबाट स्वीकृत अनुदान वितरण गर्दा दोहोरो नपर्नेगरी विद्यालयलाई वितरण गर्नुपर्दछ । गोभौन ५७।०७९।३।२२ र ३२।०७९।२।२३ बाट मोति माध्यमिक विद्यालयलाई आईसिटि ल्याव अनुदान रु.६५०००० दिएकोमा २५२।०७९।३।१८ बाट रु.६५०००० पुनः आईसिटि ल्याव अनुदान सोहि विद्यालयलाई दिएकोले दोहोरो अनुदान थप एकिन गरि असूल गर्नुपर्ने रु.</td><td>६५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **सेनिटरी प्याड**<br><br>सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था छ।त्यसैगरी शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी कक्षा ६-१२ सम्मका छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राखु पर्ने उल्लेख छ । गोभौन १५६।०७९।३।१८ मा पालिकाले जस्मिन हाइजेन प्रोडक्ट्स बाट २०२०० थान सेनिटरी प्याड रु.१९९९७८५ (मु.अ.कर समेत) मा खरिद गरेको देखिन्छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई १९८०० थान वितरण गरि ४०० थान मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखुपर्दछ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्ने र ४०० थान समयमै विद्यालयलाई वितरण गरी वितरणको भरपाई पेश गर्नुपर्ने रु. | ३९,५९९ |
| २७ | | | **पाठ्यपुस्तक अनुदान**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.४.६.१ मा कक्षा १ देखि १२ सम्मका विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिँदा आइ.ई.एम.आइ.एस.को आधारमा विद्यार्थी संख्या सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरि नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिन सक्ने व्यवस्था रहेको र पाठ्यपुस्तक वितरणको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिका अन्तर्गतका २१ विद्यालयहरुलाई ७५ प्रतिशत अनुदान निकासा रु.३६६०५०७ र बाँकी २५ प्रतिशत रु.२९९८४४ गरी जम्मा रु.३९६०३५२ दिएको पाइयो । कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम पालिकाले अनुगमन गरेको प्रतिवेदन पेश हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **दिवा खाजा**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेको दिनका लागि मात्र सामुदायिक विद्यालयका बालविकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी १५ का दरले १८० दिनको दिवा खाजा अनुदान निकासा दिनुपर्ने तथा विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई संख्या एकीन भएपछि अनुदान रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले ३२ वटा विद्यालयलाई दिवा खाजा बापतको रकम रु.८८८९५२५ निकासा गरेको पाइयो । कार्यविधिबमोजिम पालिकाले अनुगमन गरी अनगुगमन प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| २९ | | | **परामर्श सेवा खरिद**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा १ लाख भन्दा बढीको परामर्शसेवा खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका परामर्शदाताबाट गर्नुपर्ने साथै नियम ७२ अनुसार २० लाख सम्मको परामर्श सेवा खरिद गर्न मौजुदा सूचिमा दर्ता भएका सम्भव भएसम्म ६ वटा र कम्तिमा तीन वटा परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी गुणस्तर र लागत विधिबाट छनौट गरी खरिद गर्नुपर्ने उल्लेख छ।पालिकाले गो.भौ.नं. १६८।०७९।२१ मा घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालन गर्दा लागत अनुमान तयार नगरी परामर्शदाताबाट प्रस्ताव माग गरी पकली टेक्निकल इन्स्टिच्युट प्रा.लि. लाई रु.४६४२८८ भुक्तानी गरेको पाइयो । लागत अनुमान स्वीकृत बेगर परामर्श सेवा खरिद गरेको नियमसम्मत नदेखिएको रु. | ४६४,२८८ |
| ३० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत नदि ड्रेन निर्माण, बाटो निर्माण तथा सरसफाई जस्ता विभिन्न १९ वटा योजना सञ्चालन गरी पालिकामा सूचीकृत बेरोजगार ४१२ जना मध्ये यस वर्ष १०१ जनालाई ६५८८ दिन रोजगारी उपलव्ध गराई रु.३८०१२७६ श्रमिक ज्यालामा खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>औषधी खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले औषधी तथा औषधीजन्य सामाग्री खरिद गर्दा प्रतिस्पर्धा नगराई विभिन्न व्यवसायीबाट सोझै खरिद गरेको देखिन्छ सार्वजनिक ऐन, नियमावली अनुसार २० लाख भन्दा बढीको खरिद कार्य गर्दा टुक्रा टुक्रा नगरी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्नेमा पालिकाले सो ऐन, नियमावलीको पालना गरेको नदेखिएकोले नियमसम्मत नभएको रु.
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>शीर्षक</th><th>सामानको विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>२९/०७८/१०/२०</td><td>संघीय सशर्त</td><td>११ प्रकारका औषधी खरिद</td><td>यशोधा फर्मा ट्रेडर्स</td><td>४९०९००</td></tr>
<tr><td>३६/०७८/१०/२७</td><td>संघीय सशर्त</td><td>औषधी खरिद</td><td>सिभिल मेडिसिन सप्लायर्स</td><td>९७५००</td></tr>
<tr><td>३७/०७८/१०/२७</td><td>संघीय सशर्त</td><td>औषधीजन्य सामाग्री खरिद</td><td>सिभिल मेडिसिन सप्लायर्स</td><td>९९३२०</td></tr>
<tr><td>८३/०७९/१/१६</td><td>संघीय सशर्त</td><td>औषधीजन्य सामाग्री खरिद</td><td>अङ्कुर डायग्नोस्टिक एण्ड सर्जिकल सेन्टर</td><td>४४०७००</td></tr>
</table></td><td>२,८८३,५८१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३२ | | | **वितरणमुखि खर्च** | |

| | | | | |
|---|---|---|---|---|
| १०६/०७९/२/१७ | संघीय सशर्त | ८ प्रकारको औषधी खरिद | यशोधा फर्मा ट्रेडर्स | ४९३५०० |
| १४।०७९।२।१२ | चालु | औषधी खरिद | लक्ष्मी फार्मेसी | ६८३५५० |
| ३१।०७९।३।२५ | चालु | औषधी खरिद | यशोधा फर्मा ट्रेडर्स | ५७८१११ |
| | | जम्मा | | २८८३५८१ |

३२

**वितरणमुखि खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, कोभिड-१९ राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शिर्षकबाट वितरणमुखी खर्च गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।पालिकालाई बढि व्ययभार हुने वितरणमुखी खर्च नियन्त्रण गर्नुपदर्छ ।

| गो.भौ.नं | विवरण | रकम |
|---|---|---|
| २२१।२०७८।९।२९ | जेष्ठ नागरिकलाई ब्लाङ्केट र मखलर वितरण | ९७३६४ |
| ३८५।२०७८।११।२९ | जेष्ठनागरिकलाई ८५ थान ब्लाङ्केट वितरण | १००००० |
| ४३४।२०७८।१२।११ | जेष्ठनागरिकलाई लौरो वितरण | ९१४०९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४६९।२०७८।१२।१८</td><td>जेष्ठ नागरिकलाई छाता लौरो वितरण</td><td>२९६४६३</td></tr>
<tr><td>५०५।२०७९।१।४</td><td>अपाङ्ग व्यक्तिलाई ५५ थान झुल, ब्लाङ्केट वितरण</td><td>८४५५५</td></tr>
<tr><td>५१३।२०७९।१।५</td><td>जेष्ठ नागरिकलाई मखलर वितरण</td><td>११२०००</td></tr>
<tr><td>६५७।२०७९।२।३०</td><td>जेष्ठ नागरिकलाई फलफूल र हर्लिक्स वितरण</td><td>८८०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>८६९७९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
फरक खर्च शिर्षक<br><br>
स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धी अवलम्बन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । नगरपालिकाले नियमानुसार खर्च भुक्तानी गर्दा फरक खर्च शिर्षकबाट भुक्तानी गरेको पाइयो । रकम भुक्तानी गर्नु अघि रकमान्तर समेत नगराइ देहाय अनुसार फरक खर्च शिर्षकबाट भुक्तानी भएको अनियमित रु
<table>
<tr><td>गोभौनं।मिति</td><td>विवरण</td><td>खर्च लेख्नुपर्ने शिर्षक</td><td>खर्च लेखेको शिर्षक</td><td>रकम</td></tr>
<tr><td>८८।२०७८।७।१६</td><td>बैठक भत्ता भुक्तानी</td><td>बैठक भत्ता</td><td>अन्य भत्ता</td><td>१०१५००</td></tr>
</table>
</td><td>६०४,५१४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११५।२०७८।७।२९</td><td>विजुली महसुल भुक्तानी</td><td>पानी तथा विजुली</td><td>विविध खर्च</td><td>३१८६९</td></tr>
<tr><td>२४५।२०७८।१०।१८</td><td>कार्यक्रम खर्चको भुक्तानी</td><td>कार्यक्रम खर्च</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>४००००</td></tr>
<tr><td>४५६।२०७८।१२।१७</td><td>कार्यालय सामग्री खरिद</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>कार्यक्रम खर्च</td><td>२६७७७६</td></tr>
<tr><td>४६६।२०७८।१२।१८</td><td>कार्यालय सामग्री खरिद</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>कार्यक्रम खर्च</td><td>६३७३२</td></tr>
<tr><td>७०४।२०७९।३।९</td><td>पानस सप्लायर्स एण्ड ट्रेडर्सलाई भुक्तानी</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>कार्यक्रम खर्च</td><td>९९६३७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>६०४५१४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन<br><br>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(ख) मा नगरपालिकाका पदाधिकारीहरुले मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गरे पछि मात्र प्रमुखले रु.११०००, उपप्रमुखले रु.११०००, वडाध्यक्षले रु.४५०० र कार्यापालिका सदस्यले रु.२००० का दरले मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीलाई ऐनमा व्यवस्था भए बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन वापत मासिक रुपमा एकमुष्ट भत्ता भुक्तानी गरेको छ ।ऐन बमोजिम अनुगमन प्रतिवेदन पेश विना भुक्तानी भएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>३२०,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पद</td><td>पदाधिकारीको संख्या</td><td>अनुगमन भत्ता मासिक दर</td><td>महिना</td><td>जम्मा अनुगमनभत्ता</td></tr>
<tr><td>प्रमुख</td><td>१</td><td>११०००</td><td>श्रावण-असार सम्म</td><td>१३२०००</td></tr>
<tr><td>उपप्रमुख</td><td>१</td><td>११०००</td><td>श्रावण-असार सम्म</td><td>१३२०००</td></tr>
<tr><td>वडाध्यक्ष</td><td>९</td><td>४५००</td><td>श्रावण-असार सम्म</td><td>४०५००</td></tr>
<tr><td>कार्यापालिका सदस्य</td><td>८</td><td>२०००</td><td>श्रावण-असार सम्म</td><td>१६०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३२०५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
शुभकामना कार्ड<br><br>
सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६ (२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाउने व्यवस्था छ ।पालिकाले देहाय बमोजिम शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न भुक्तानी गरेको पाइयो ।कानून विपरित गरिएको खर्च अनियमित भएको रु
<table>
<tr><td>गो भौ नं./मिति</td><td>आपुर्तक</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१६२।२०७८।८।१४</td><td>जेनिसा स्टेशनरी एण्ड सप्लायर्स</td><td>शुभकामना कार्ड</td><td>१७५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१७५००</td></tr>
</table>
</td><td>१७,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>अतिरिक्त भत्ता<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७५ को बुद्धा नं. २६ मा महङ्गि भत्ता, पोसाक भत्ता र स्थानीय भत्ता बाहेक अरु सबै भत्ताहरु खारेज गर्ने व्यवस्था छ साथै सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ११ (१) मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाजाखाना लगायतका कुनै प्रकारका भत्ता प्रदान नगरिने व्यवस्था छ । पालिकाले देहाय बमोजिम विभिन्न कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेको भनि रु २०७९० अतिरिक्त भत्ता प्रदान गरेको छ । मापदण्ड विपरित भत्ता प्रदान गरकोले सम्बन्धितबाट असुल हुनु पर्ने रु
<table>
<tr><th>गोभौनं.।मिति</th><th>विवरण</th><th>करकट्टि</th><th>खुदभुक्तानी</th></tr>
<tr><td>१५२।२०७८।८।९</td><td>अतिरिक्त समय काम गरेवापत</td><td>२१०</td><td>२०७९०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२०७९०</td></tr>
</table></td><td>२०,७९०</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>फिल्ड भत्ता<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७५ को बुद्धा नं. २६ मा महङ्गि भत्ता, पोसाक भत्ता र स्थानीय भत्ता बाहेक अरु सबै भत्ताहरु खारेज गर्ने व्यवस्था छ । पालिकाले कार्यविधि बनाई फिल्ड भत्ता वापत विभिन्न १७ जना कर्मचरीलाई रु ११६४००० भुक्तानी दिएको छ ।मार्गदर्शन विपरित कार्यविधि बनाई फिल्ड भत्ता दिएकोले अनियमित रु</td><td>१,१६४,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>संचयकोष थप<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारीको सेवाको शर्त तथा सुविधा</td><td>५१०,८०४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्बन्धि कानून नवनाइ करार कर्मचारीको मासिक तलबबाट आधार भूत तलबमानको १० प्रतिशत बराबरको रकम मासिक कट्टि गरी सोहि बराबरको रकम थप गरी कर्मचारी संचयकोष जम्मा गरिने व्यवस्था गरेको पाइयो । यो बर्ष करार तर्फको १७ जना कर्मचारीको लागि संचयकोष थप वापत रु ५१०८०४ खर्च गरेको छ । कानून निर्माण नगरी थप व्ययभार पारेको रु</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>विघुत महसुल<br><br>सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५ (१) मा धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका गोश्वारा भौचरबाट धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिरेको पाइयो । धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपरेकोले अनियमित देखिएको रु<br><br>
<table>
<tr><th>क्र. सं.</th><th>गो भौ न /मिति</th><th>जरिवाना रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>५३।२०७८।७।७</td><td>८७०१</td><td>विजुलिको महसुलमा जरिवाना</td></tr>
<tr><td>२</td><td>११५।२०७८।७।२९</td><td>४८२५</td><td></td></tr>
<tr><td>३</td><td>१३६।२०७८।८।५</td><td>३७२७</td><td></td></tr>
<tr><td>४</td><td>१९९।२०७८।९।२५</td><td>५७९९</td><td></td></tr>
<tr><td>५</td><td>६८६।२०७९।३।५</td><td>२९७५</td><td></td></tr>
<tr><td>६</td><td>७३९।२०७९।३।१६</td><td>७७१०</td><td></td></tr>
<tr><td>७</td><td>७४६।२०७९।३।१७</td><td>५९२५</td><td></td></tr>
</table></td><td>४९,३७४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>७७५।२०७९।३।१९</td><td>९७१२</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४९३७४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>मर्मत खर्च<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.२७२१९७७ खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संरक्षण अभिलेख खाता राखेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>इन्धन खर्च<br><br>सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ।सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी पदाधिकारी इन्धन तर्फ रु.७२९०८७ र कार्यलय प्रयोजन इन्धन शिर्षकबाट यस वर्ष रु.२४९८७१८ खर्च गरेको छ ।कार्यालयले इन्धन मापदण्ड तयार गरेको छैन । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फस्यौंट गर्नुपर्दछ । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण : सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्दछ ।सामाजिक सुरक्षामा यस वर्ष रु. २४०९३८९६५/- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।
<table>
<tr><th>वडा</th><th>बैङ्क</th><th>निकासा</th><th>वितरण</th><th>बाकि</th><th>लगतकट्टा फिर्ता</th><th>चालु बर्षको जम्माफिर्ता</th><th>चौथोकिस्ताको बेरुजु खातामा दाखिला</th></tr>
<tr><td>१र३</td><td>कृषि विकास</td><td>५५१४४७७७</td><td>५४९३४४४२</td><td>२१०३३५</td><td>६३६९२</td><td>२७४०२७</td><td>५२१४२</td></tr>
<tr><td>२</td><td>सिद्धार्थ</td><td>१७४७२३३०</td><td>१७४४३७६१</td><td>२८५६९</td><td>०</td><td>२४०३८</td><td>४५३१</td></tr>
<tr><td>४</td><td>प्राइमगौरादह</td><td>३६३३८३७७</td><td>३६२८७९३१</td><td>५०४४६</td><td>१०९०८९</td><td>१५९५३५</td><td>२१७२६</td></tr>
<tr><td>५र६</td><td>एन आइ सि</td><td>५६५८२३२४</td><td>५६४९४६०४</td><td>८७७२०</td><td>२६४९९</td><td>११४२१९</td><td>४३२२२</td></tr>
<tr><td>७र८</td><td>प्राइमग्वाल्डुब्बा</td><td>४८१९९७७८</td><td>४८०९४७६२</td><td>१०५०१६</td><td>६३१३६</td><td>१६८१५२</td><td>१४६२९</td></tr>
<tr><td>९</td><td>एक्सल</td><td>२८२५४०३६</td><td>२७९७१३५०</td><td>२८२६८६</td><td>३००००</td><td>३१२६८६</td><td>६०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२४१९९१६२२</td><td>२४१२२६८५०</td><td>७६४७७२</td><td>२८७८८५</td><td>१०५२६५७</td><td>१४२२५०</td></tr>
<tr><td colspan="2">जम्माखर्च ( निकासा - चालु वर्षको जम्मा फिर्ता)</td><td colspan="6">२४०९३८९६५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>फोटो सहितको मुल अभिलेख — सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ३ बुँदा नं. १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको नियमावलीको अनुसूची ३ बमोजिमको फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>। कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको मूल अभिलेख पुर्ण रुपमा राखेको पाइएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि बमोजिम फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी नराखिएकोले भत्ता पाउने लाभग्राही सहि हो भनी एकिन गर्न नसकिने भएकोले कार्यविधिको पालना गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२)(घ) मा बेरूजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । नगरपालिकाले देहायबमोजिमको वेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि पेश गरेकोमा देहायबमोजिम सम्परीक्षण भएको र सम्परीक्षणबाट उल्लेखनीय वेरुजु देखिएन । सम्परीक्षणको जानकारी देहायबमोजिम छ ।
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">आ व</th><th rowspan="2">बेरुजु दफा नं.</th><th rowspan="2">बेरुजु र फछ्र्यौटको व्यहोरा</th><th colspan="4">फछ्र्यौट रकम</th><th>कुल फछ्र्यौट</th></tr>
<tr><th>असुली रकम</th><th>प्रमाण रकम</th><th>नियमित रकम</th><th>पेश्की रकम</th><th></th></tr>
<tr><td>१</td><td>०७४।७५</td><td>१३</td><td>एक करोड भन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराइएकोमा सो कार्य वन्द गरी लेखा समितिमा छलफल गरी नगरसभाबाट नियमित भई आएकोले फछ्र्यौट</td><td></td><td></td><td>७३३९०६६</td><td></td><td>७३३९०६६</td></tr>
<tr><td>२</td><td>०७४।७५</td><td>१७</td><td>बढी भुक्तानी रकम असुल हुनुपर्ने जलवर्षा राजबंशिको ८०००<br>देविमाया श्रेष्ठको ८०००<br>पार्वति ताजपुरियाको ३०००<br>नगेन्द्र भण्डारीको ८५०००<br>हेमन्त कार्कीको ५०२००</td><td>४११२००</td><td></td><td></td><td></td><td>४११२००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | मणिन्द्र कार्किको ४४४०० छत्रपति सुवेदिको ४९४०० खड्ग बहादुर पराजुलीको ५५००० भुमिराज पोखरेलको ५९८०० सिताराम भट्टराईको ४८४०० असुल भएकोले फछ्र्यौट | | | | | |
| | | | **जम्मा** | | | | | ७७५०२६६ |